सिरहा जिल्ला स्थित सरकारी/सार्वजनिक कार्यालयहरुको कार्यालय प्रमुख एवं सुशासन इकाई प्रमुखहरुको मासिक बैठक;

प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीको अध्यक्षतामा आज मिति २०७८/११/०९ का दिन – जिल्ला प्रशासन कार्यालय, सिरहामा बैठक बस्यो।

**उपस्थिति:**

| क्र.स. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १ | लालबाबु कवारी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, सिरहा | |
| २ | अर्जुन प्रसाद तिमिल्सिना | प्रहरी उपरीक्षक | जिल्ला प्रहरी कार्यालय सिरहा | |
| ३ | रमेश कुमार थापा | सशस्त्र प्रहरी उपरीक्षक | सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण, हे.क्वा, सिरहा | |
| ४ | तुलसिराम प्रसाई | उप.अनु. नि. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा | |
| ५ | सुजन अधिकारी | आयोजना प्रमुख | कन्चनपुर – कमला सडक आयोजना | |
| ६ | अजय कुमार कर्ण | नि. डि. प्रमुख | खानेपानी तथा सरसफाई डि.रा. (सप्तरी) | |
| ७ | वीरेन्द्र कुमार यादव | का. प्र. | कमला सिंचाइ व्यवस्थापन कार्यालय | |
| ८ | बिबद्र देव यादव | का.प्र. | कमला नदी नियन्त्रण आयोजना | |
| ९ | दिपेन्द्र कुमार यादव | उद्योग अधिकृत | घरेलु तथा साना उद्योग कार्यालय सिरहा लहान। | |
| १० | नरेन्द्र कुमार महासेठ | प्रमुख | कृषि ज्ञान केन्द्र सिरहा | |
| ११ | रवीन्द्र महतो | " | PMAMP, PIU, Siraha | |
| १२ | बिष्णु प्र० खिटौला | प्रमुख मालपोत अ. | भूमिसुधार तथा मालपोत कार्यालय सिरहा | |
| १३ | गोपाल प्रसाद बस्तोले | प्र. प्र. अ. | धनगढीमाई नगरपालिका, सिरहा | |
| १४ | डा. शिवनारायण प्रमुख | का. प्रमुख | जिल्ला आयुर्वेद स्वा. के. सिरहा | |
| १५ | सुजित कु. यादव | जि. स. अ. र प्र.प्र.अ. | जि.स.स. सिरहा र नरहा गा.पा. | |
| १६ | इन्दिरा यादव | जि.नि.अ. | जिल्ला निर्वाचन कार्यालय, सिरहा | |
| १७ | ई. रविन सिंह | नापी अधिकृत | नापी कार्यालय सिरहा | |
| १८ | डा. ध्वज आङ्दे | प्र.प्र.अ. | मि.गा.पा., | |

| क्र.स. | नाम थर | पद | कार्यालय | दस्तखत |
|---|---|---|---|---|
| १९ | संजयकुमार भट्ट | सर्भेक्षक | नापी कार्यालय, लहान | |
| २० | मिश्री लाल यादव | अधिकृत द्वितीय | बी. ब. प्रयोगशाला, सिरहा | |
| २१ | चन्द्र नारायण चौधरी | डि. प्र. प्र. (अ.) | भगवानपुर गाउँपालिका | |
| २२ | वीरेन्द्र प्रसाद महतो | इन्जिनियर | सडक डिभिजन कार्यालय लहान | |
| २३. | सञ्जीवकुमार मंडल | सब-इन्जिनियर | जलस्रोत तथा सिंचाइ विकास डिभिजन सिरहा | |
| २४ | सुभाष चन्द्र दास | डि. व. अ. | डिभिजन वन कार्यालय सिरहा लहान | |
| २५. | राजेश लाल कर्ण | डि. डि. ई. | पूर्वाधार विकास का.का. | |
| २६ | सन्तोषकुमार सिंह | केन्द्र प्रमुख | भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिरहा | |
| २७. | शंकर दाहाल | प्र.प्र.नि. | कृ. प्र. बैंक नेपाल [illegible] | |
| २८ | कृष्ण कुमार यादव | इन्जिनियर | सघन शहरी तथा भवन निर्माण आयोजना | |
| २९ | ध्रुव प्रसाद कोइरी | भन्सार अधिकृत | ठाडी भन्सार कार्यालय | |
| ३० | राम अयोध्या यादव | प्रमुख सिरहा वि केन्द्र | सिरहा वि केन्द्र | |
| ३१ | जगदीश कु. दुबे | बि. प्र. भ. अ. | सिरहा भन्सार | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**सिरहा जिल्ला स्थित सरकारी/सार्वजनिक कार्यालयका कार्यालय प्रमुख एवं सुशासन इकाई प्रमुखहरुको २०७८/११/०९ मा बसेको बैठकको कारवाही एवं निर्णय :**

१. २०७८ बैशाख ३० गते घोषित स्थानीय निकाय निर्वाचनको तयारीको लागि सबै सरकारी निकायहरु तयारी अवस्थामा रहने, कुनै पनि कर्मचारीलाई अति आवश्यक काम भए देखि बाहेक विदामा नछोड्ने, कार्यालय प्रमुख समेत प्र.जि.अ.को अनुमति बिना जिल्ला नछोड्ने, जिल्ला छोड्नु परे स्पष्ट कारण सहित जिल्ला प्रशासन कार्यालयलाई जानकारी दिई प्र.जि.अ. को अनुमतिमा मात्र जिल्ला छाड्ने व्यवस्था सबै सरकारी निकायले मिलाउने।

२. कार्यालयमा रहेका सवारी साधन तयारी अवस्थामा राख्ने, मर्मत गर्नु पर्ने भए तत्काल मर्मत गराउने।

३. सूचना अधिकारीहरुको बैठक २०७८ फाल्गुन १६ गते ११:०० बजे यस कार्यालयमा हुने भएकोले, सबै निकायले आ- आफ्नो सूचना अधिकारीहरुलाई अनिवार्य उपस्थितिको प्रबन्ध मिलाउने।

४. पालिकाहरुका प्रमुख प्रशासकीय अधिकृत ज्यूहरुले आगामी स्थानीय निर्वाचनलाई मध्यनजर राखी जनप्रतिनिधिबाट आउन सक्ने सम्भावित दबाब प्रति सजग रही, मातहतका कर्मचारीहरुलाई कानून बमोजिम र रित पुगेका कामहरु मात्र गराउने व्यवस्था मिलाउने, सम्पन्न योजनाको भुक्तानी तथा अन्य आर्थिक कारोबारहरुमा सजगता अपनाउने।

५. आगामी स्थानीय निर्वाचनको समयलाई मध्यनजर गरी सर्वसाधारणलाई अझ बढी स्वच्छ र पारदर्शी तथा प्रभावकारी सेवा दिनु पर्ने भएकोले निष्पक्ष रुपले सेवा प्रवाहमा तटष्ता, प्रभावकारीता तथा जनताको अनुकुल सेवा दिने, गुनासोलाई तत्काल समाधान गर्नमा सबै निकाय तदारुकता साथ लाग्ने ।